**कोलोराडो सर्वोच्च अदालत**

**प्रधान न्यायाधीशको कार्यालय**

**कोलोराडो न्यायिक विभाग**
**भाषा दोभासे तथा सीमित अङ्ग्रेजी प्रवीणता भएका व्यक्तिहरूको अदालत पहुँचका विषयमा निर्देशिका**

यस निर्देशिकाको निर्माण भाषा पहुँच कार्यालय ("ओएलए") मार्फत् कोलोराडो राज्य अदालतहरूले प्रदान गरेका तथा व्यवस्थापन गरेका भाषा दोभासेहरूको प्रयोग तथा भुक्तानीका विषयमा नीतिहरू स्थापित गर्न र सीमित अङ्ग्रेजी प्रवीणता भएका मानिसहरूले अदालतका कारबाहीहरू तथा अदालती कार्यसञ्चालनहरूमा राखेको पहुँच नियन्त्रण गर्नका लागि गरिएको हो।

## I. परिभाषाहरू

I. A. **अदालती कारबाही** - न्यायिक अधिकारीले सञ्चालन गरेको क्रियाकलापसहित कुनै पनि कोलोराडो अदालतसामु कार्य, पुनरावेदन, वा अरू कारबाहीका रूपमा गरिएको कुनै पनि सुनवाइ, पेसी वा अरू उपस्थिति।

I. B. **अदालती कार्यसञ्चालन** - अदालतहरू तथा परीक्षणकालसम्बन्धी निकायहरूले व्यवस्थित गर्ने वा सञ्चालन गर्ने अदातलका कार्यालयहरू, सेवाहरू तथा कार्यक्रमहरू, जसमा सर्वसाधारण वा सम्बन्धित पक्षहरूसँग सम्पर्क हुने अदालती सुनवाइ सामेल छैन।

I. C. **अनुवाद** - एउटा भाषाको लिखित सन्देशलाई अर्को भाषामा शुद्ध र पूर्ण स्थानान्तरण, जसले समय लिनसक्छ।

I. D. **आधिकारिक दोभासे** - स्वतन्त्र ठेकेदार वा वर्गीकृत कर्मचारीका रूपमा काम गर्नका लागि ओएलएले अनुमोदन गरेको प्रमाणित, प्रामाणिक, योग्य वा पञ्जीकृत तथा ओएलएले कायम राखेको सक्रिय रोस्टरमा सूचीकृत र ओएलए मार्गदर्शनहरू अनुसार उपलब्ध गराइने भाषा दोभासे।

I. E. **दूरवर्ती मौखिक अनुवाद** - एउटा प्रक्रिया, जसमा दोभासेले अदालतका कारबाहीहरू वा अदालतका कार्यसञ्चालनहरूमा भौतिक रूपमा उपस्थित नभई, तर टेलिफोन वा श्रव्यदृश्य हार्डवेयर र/वा सफ्टवेयरको प्रयोगमार्फत् उपस्थित भएर सहयोग गर्छन्।

I. F. **द्वैभाषिक कर्मचारी** - कोलोराडो न्यायिक विभागको वर्गीकृत कर्मचारी भाषा दोभासेबाहेकको कर्मचारी, जसले सीमित अङ्ग्रेजी प्रवीणता भएका मानिसहरूसँग अङ्ग्रेजीबाहेक अरू भाषामा प्रत्यक्ष अदालती कार्यसञ्चालन गर्न ओएलएद्वारा स्थापित स्तरहरूअनुसार अङ्ग्रेजी तथा दोस्रो भाषामा प्रवीणता प्रदर्शित गरेको छ।

I. G. **न्यायिक अधिकारी** - कुनै पनि अदालती कारबाहीको अध्यक्षता गर्नका लागि अधिकारप्राप्त न्यायमूर्ति, न्यायाधीश, न्यायाध्यक्ष, वा जल निर्णायक।

I. H. **पञ्जीकृत दोभासे** - पञ्जीकृत भाषा दोभासे त्यस्तो व्यक्ति हो जो प्रमाणित, प्रामाणिक वा योग्य छैन। यस्तो दोभासेका भाषा जोडी(हरू) मा प्रमाणीकरण वा प्रमाणिकीकरण उपलब्ध हुन वा नहुन सक्छ। **पञ्जीकृत दोभासे** - पञ्जीकृत भाषा दोभासे त्यस्तो व्यक्ति हो जो प्रमाणित, प्रामाणिक वा योग्य छैन। यस्तो दोभासेका भाषा जोडी(हरू) मा प्रमाणीकरण वा प्रमाणिकीकरण उपलब्ध हुन वा नहुन सक्छ।

I. I. **पीडित** - कथित आपराधिक कार्यबाट पीडित व्यक्ति; त्यस्तो व्यक्तिको प्रतिनिधि, आधिकारिक अभिभावक, स्याहारकर्ता, वा यदि त्यस्तो व्यक्तिको निधन भएको छ भने नजिकको परिवारको बाँचेको व्यक्ति; तथा यदि त्यस्तो व्यक्ति नाबालक वा असमर्थ भए आमाबाबु, आधिकारिक अभिभावक, वा स्याहारकर्ता।

I. J. **प्रमाणित दोभासे** - न्यूनतम व्यावसायिक दक्षता स्तरहरू पूरा गर्ने, कोलोराडो न्यायिक विभागले मान्यता दिएको दोभासेहरूका लागि मौखिक प्रमाणीकरण परीक्षामा उत्तीर्ण अङ्क प्राप्त गरेको तथा ओएलएद्वारा कायम गरिएको तथा कोलोराडो न्यायिक वेबसाइटमा पोस्ट गरिएको सक्रिय दोभासेहरूको रोस्टरमा सूचीकृत भाषा दोभासे।

I. K. **प्रामाणिक दोभासे** - आफ्ना भाषामा उच्चतम उपलब्ध मौखिक प्रवीणता परीक्षण पूरा गरेको तथा ओएलएद्वारा स्थापित मानकहरूमा परिभाषित अतिरिक्त आवश्यकताहरू पूरा गरेको एक भाषा दोभासे।

I. L. **भाषा सेवा** - दोभासे, द्वैभाषिक कर्मचारी वा अनुवादका माध्यमद्वारा अदालतका सेवाहरूमा पहुँच राख्ने सहजीकरण।

I. M. **मौखिक अनुवाद / अर्थ कथन**- यथा-समयमा एउटा भाषाको मौखिक सन्देशलाई अर्को भाषामा शुद्ध र पूर्ण स्थानान्तरण।

I. N. **योग्य दोभासे** - प्रमाणित वा प्रामाणिक दोभासे उपलब्ध नभएको खण्डमा अदालतमा मौखिक अनुवाद कार्यहरूका लागि विचार गरिने प्रमाणीकरण वा प्रमाणिकीकरणसम्म नपुगेको तर ओएलएद्वारा स्थापित तालिम तथा न्यूनतम मौखिक प्रमाणीकरण आश्यकताहरू पूरा गरेको भाषा दोभासे। योग्य दोभासेहरूलाई ओएलएले कायम राखेको योग्य दोभासे रोस्टरमा सूचीकृत गरिएको हुन्छ।

I. O. **वर्गीकृत कर्मचारी भाषा दोभासे** - कोलोराडो न्यायिक प्रणाली कर्मचारीगण नियमहरूले नियन्त्रण गर्ने तथा उक्त विभागको वर्गीकरण तथा प्रतिपूर्ति योजनाअन्तर्गत रोजगार वर्गीकरणमा पर्ने एक कर्मचारी।

I. P. **सम्बन्धित पक्ष** - कुनै मुद्दाको एक पक्ष; पीडित; साक्षी; आमाबाबु, आधिकारिक अभिभावक, वा नाबालक पक्षको संरक्षक; र कुनै वयस्क पक्षको आधिकारिक अभिभावक वा संरक्षक।

I. Q. **सीमित अङ्ग्रेजी प्रवीणता ("एलइपि")** - आफ्नो प्राथमिक भाषाका रूपमा अङ्ग्रेजी नबोल्ने तथा अङ्ग्रेजीमा पढ्न, बोल्न, लेख्न र बुझ्नका लागि सीमित क्षमता भएका मानिसहरू।

I. R. **स्वतन्त्र करार भाषा दोभासे** - करारअनुसार वा आइआरएस राजस्व नियमावली ८७-४१ ले परिभाषित गरेअनुसार स्वतन्त्र ठेकेदार आधिकारिक दोभासे।

**II. भाषा दोभासेहरूको नियुक्ति**

**II. A. अदालतको कारबाही** - १९६४ को नागरिक अधिकार अधिनियम ("दफा ६ ") को दफा ६ , सर्वपक्षीय अपराध नियन्त्रण तथा १९६८ को सुरक्षित सडक अधिनियम ("सुरक्षित सडक अधिनियम") तथा कार्यकारी आदेश १३१६६, ६५ फेड. रेज ५०१२१ (अगस्ट १६, २०००), अनुसार अदालती कारबाहीका बेला वा सोको आनुषङ्गिक कारबाहीका बेला अदालतहरूले सम्बन्धित सम्पूर्ण पक्षहरूका लागि भाषाको मौखिक अनुवादका लागि नियुक्त गर्ने छन् र भुक्तानी गर्नेछन् जसमा निम्न सामेल छन्:

1. अदालती कारबाहीलाई तय गरिएअनुसार हुन दिनका लागि न्यायिक अधिकारीको उपस्थिति बाहिर सञ्चारको सहजीकरण, जसमा अदालती उपस्थिति आरम्भ हुनुअघि याचिका प्रस्ताव दिनका लागि वा निरन्तरता छलफल गर्नका लागि प्रतिवादीहरू तथा डिस्ट्रिक्ट न्यायाधीवक्ताहरूबीचको पेसी पूर्व सम्मेलनहरू सामेल छन्;
2. क्लाइन्ट तथा प्रधान न्यायाधीश निर्देशिका ०४-०४ तथा ०४-०५ अनुसार नियुक्ति गरिएको राज्य प्रायोजित परामर्शदाताबीच सञ्चारको सहजीकरण।
3. अदालतले अनिवार्य गरेका कार्यक्रमहरूमा सम्बन्धित पक्षहरूबीच सञ्चारको सहजीकरण, जसमा सीमाहीन परिवार अदालत सहजीकरणहरू तथा मध्यस्थताहरू सामेल छन्; तथा
4. निर्णय गर्न अदालतलाई सहयोग पुग्ने हेतुले आदेश गरिएका तथा कार्यसम्पादन गरिएका मूल्याङ्कनहरू तथा अनुसन्धानहरूको पूर्णता।

**II. B. गैर-सम्बन्धित पक्षहरू** - अदालतले, आफ्नो कार्य-स्वतन्त्रता प्रयोग गर्दै, सम्बन्धित पक्षहरूदेखि बाहेक अदालतको कारबाहीले प्रत्यक्ष प्रभाव पार्ने सीमित अङ्ग्रेजी प्रवीणता भएका व्यक्तिहरूका लागि भाषा मौखिक अनुवाद प्रदान गर्न र सोका लागि भुक्तानी गर्न सक्नेछ।

**II. C. अदालतका कर्मचारीगणले** - भौतिक रूपमा उपस्थित हुनसक्ने वा दूरवर्ती मौखिक अनुवादमार्फत् उपस्थित हुने द्वैभासिक स्टाफ वा आधिकारिक भाषा दोभासेहरूको प्रयोगमार्फत् यस निर्देशिकामा परिभाषित गरिएअनुसार अदालको कार्य-सञ्चालनमा पहुँच राख्न खोज्ने सीमित अङ्ग्रेजी प्रवीणता भएका मानिसहरूका लागि भाषा सेवाहरूमा पहुँच प्रदान गर्नेछन्। भाषा सेवाहरू ओएलएका मानकहरू हुनेछन् जसले सञ्चारको प्रकृति, विधि, महत्त्व, तथा अवधिको लेखाजोखा गर्छन्।

**II. D. यस निर्देशिकाका खण्ड II.A तथा II.B. को क्षेत्राधिकारदेखि बाहिर गरिने सञ्चार** - II.A र II.B मा प्रदान गरिएबाहेक, अदालतले कुनै अदालती कारबाहीका बेला न्यायाधीवक्ताहरू, वादीहरू, वा पृष्ठभूमिको जानकारी सङ्कलन, अनुसन्धान, पेसी तयारी, साक्षी अन्तर्वार्ताहरू वा भविष्यका कारबाहीहरूमा क्लाइन्टको प्रस्तुतीकरणको उद्देश्यका लागि सीमित अंग्रेजी प्रवीण व्यक्तिहरू संलग्न मुद्दासम्बन्धी अन्य पक्षहरूबीच सञ्चार सहजीकरणका लागि अदालती कारबाहीका बेला वा आनुषङ्गिक कारबाहीका लागि; परीक्षणकाल उपचार सेवाहरूसम्बन्धी सञ्चारहरूका लागि; वा खण्ड II.A. मा निरूपण गरिएअनुसार अदालती कारबाही वा

आनुषङ्गिक कारबाहीको अंश नभएका कुनै पनि भाषा सञ्चारका लागि भाषा मौखिक अनुवादको व्यवस्था गर्नेछैन, प्रदान गर्नेछैन वा भुक्तानी गर्नेछैन। वादीहरू तथा पक्षहरूका न्यायाधीवक्ताहरूले, सिजेडि ०४-०४ र ०४-०५ मा व्यवस्था भएबाहेक, मुद्दा तयारी तथा पक्षहरूसँगको अदालती कारबाही बाहिरका आमसञ्चारका लागि आफ्नै खर्चमा व्यवस्था गर्ने अपेक्षा गरिन्छ।

**II. E. आधिकारिक दोभासेहरू** - ओएलए वा प्रतिनिधिहरूलाई मात्र भाषा दोभासेहरू नियुक्त गर्ने अधिकार दिइएको हुन्छ। अदालतले ओएलए वा प्रतिनिधिहरूले नियुक्त गरेका आधिकारिक भाषा दोभासेहरूका सेवाहरूका लागि मात्र भुक्तानी गर्नेछ।

## III. स्टाफ दोभासेहरूको विनियोजन

*ओएलएको एफटिइ भाषा दोभासेहरूअनुरूप विनियोजन योजनाअनुसार* राज्य अदालत प्रशासकको कार्यालय न्यायिक डिस्ट्रिक्टहरूका लागि भाषा दोभासेहरू विनियोजन गर्न जिम्मेवार हुनेछ। राज्य अदालत प्रशासकद्वारा अग्रिम स्वीकृत नभएसम्म, ७/१/११ देखि लागू हुने गरी वर्गीकृत स्थानहरूमा नयाँ नियुक्त गरिएका दोभासेहरूलाई प्रमाणित गरिनेछ। स्वतन्त्र ठेकेदार - भाषा दोभासेका लागि सहमति करार फाराम उपयोग गरेर स्वतन्त्र करारको आधारमा अतिरिक्त गैर-न्यायिक कर्मचारी करार दोभासेहरू आवश्यकताअनुसार नियुक्त गर्न सकिनेछ।

## IV. भाषा दोभासेहरूको योग्यता

**IV. A.** प्रतिपूर्ति प्रदान गर्ने स्रोत वा दोभासे उपस्थित हुने विधि जे भए तापनि कुनै पनि अदालती कारबाही वा कार्यसञ्चालनमा भाषा दोभासेका रूपमा काम गर्न अदालतले आधिकारिक भाषा दोभासेबाहेक कुनै पनि व्यक्तिलाई नियुक्त गर्नेछैन।

**IV. B.** ओएलएले कुन कुन दोभासेहरू प्रमाणित, प्रामाणीक, योग्य, वा पञ्जीकृत छन्, निर्धारण गर्नेछ। ओएलएले सम्पूर्ण आधिकारिक दोभासेहरूको योग्यताको तह र उपलब्धतासहित उनीहरूको वर्तमान रोस्टर कायम रारव्नेछ। ओएलएले वर्तमान रोस्टरहरू अदालत तथा सर्वसाधारणका लागि उपलब्ध रहेको सुनिश्चित गर्नेछ। दोभासेहरूले सिजेडि ०५-०५ अन्तर्गत आफ्ना दायित्वहरूका विषयमा एउटा प्राप्ति-स्वीकारमा हस्ताक्षर गर्नेछन्, स्वीकृतिका सर्तका रूपमा दोभासेहरूका लागि निरन्तर शिक्षा तथा व्यावसायिक अभ्यास नीति छन्।

**IV. C.** अदालतले सम्पूर्ण अदालती कारबाहीहरूका लागि आवश्यक भाषामा उपलब्ध प्रमाणित वा प्रामाणिक भाषा दोभासेहरू प्रयोग गर्नेछ। ओएलएले निम्नानुसार अधिकारप्राप्त दोभासेहरू भौतिक रूपमा वा दूरवर्ती विधिले उपस्थित हुनका लागि नियुक्त गर्नेछ:

1. अदालत भवनको २५ माइल अर्धव्यासमा बस्ने आवश्यक भाषामा ५ वा बढी प्रमाणित वा प्रामाणिक दोभासेहरू भएका अदालतहरूले उक्त भाषामा मौखिक अनुवाद आवश्यक पर्ने सम्पूर्ण कारबाहीहरूमा प्रमाणित वा प्रामाणिक दोभासेहरूको प्रयोग गर्नेछन्।
2. यदि आवश्यक भाषामा प्रमाणित वा प्रामाणिक दोभासेहरू कोलोराडोमा बस्छन् भने अरू सम्पूर्ण

अदालतहरूले श्रेणी १ अपराध कारबाहीहरूमा ती प्रमाणित वा प्रामाणिक दोभासेहरू प्रयोग गर्नेछ।

3. अरू सम्पूर्ण कारबाहीहरूमा, उपलब्ध भएमा अदालतले स्थानीय न्यायक्षेत्रमा काम गर्न अधिकारप्राप्त तथा यस निर्देशनको खण्ड नौ (IX) अनुसार अयोग्य नभएको प्रमाणित वा प्रामाणिक दोभासे प्रयोग गर्नेछ।
4. प्रमाणित वा प्रामाणिक दोभासे उपलब्ध नभएको स्थितिमा, अदालतले ओएलएले कायम राखेको सक्रिय योग्य दोभासेहरूको रोस्टरमा सूचीकृत कुनै दोभासे प्रयोग गर्न सक्नेछ।
5. यदि कुनै प्रमाणित, प्रामाणिक वा योग्य भाषा दोभासे उपलब्ध नभए, अदालतले पञ्जीकृत दोभासे प्रयोग गर्न सक्नेछ। पञ्जीकृत दोभासेहरूको प्रयोग अन्तिम उपायका रूपमा मात्र गर्नु पर्नेछ।

## V. एकभन्दा बढी भाषा दोभासेहरूको नियुक्ति

**V. A.** अत्यावश्यक परिस्थितिहरू नहुँदा, अदालतले निम्नलिखित किसिमका कारबाहीहरूका बेला दोभासेको थकावट तथा सोसँग जोडिएको मौखिक अनुवाद शुद्धताको क्षति रोकथाम गर्न दुई वा बढी दोभासेहरू नियुक्त गरी तिनका लागि भुक्तानी गर्नेछ:

1. २ घण्टा वा बढी लामो हुने किसिमले तय गरिएका कारबाहीहरू।
2. सीमित अंग्रेजी प्रवीणता (एलइपि) सम्बन्धी बहु-पक्षहरू भएका कारबाहीहरूमा न्यायाधीवक्ता - क्लाइन्ट परामर्श आवश्यक हुने सुनवाइ सर्वोपरि भएका बेला आवश्यक पर्ने मौखिक अनुवादका लागि (उदाहरणका लागि, साक्षी प्रमाण, प्रस्तावहरू)।
3. बहु भाषाहरू संलग्न कारबाहीहरूमा।

**V. B.** एकभन्दा बढी दोभासेहरूको प्रयोगमा निम्नलिखित मार्गदर्शनहरू तथा सीमाहरू लागू हुनेछन्:

1. सम्पूर्ण मुद्दाहरूमा इलेक्ट्रोनिक समकालिक मौखिक अनुवाद उपकरणको प्रयोग प्रोत्साहित गरिन्छ, विशेष गरी दुई घण्टाभन्दा बढी समय लाग्ने र बहु सीमित अंग्रेजी प्रवीण (एलइपि) पक्षहरू भएका कारबाहीहरूमा। यसको प्रयोग पीडितहरू तथा आमाबाबुहरू वा अभिभावकहरूलाई मौखिक अनुवाद गरिएका कारबाहीहरूमा अतिरिक्त दोभासेको आवश्यकता बिनै उपस्थित हुन अवसर दिनका लागि पनि प्रोत्साहित गरिन्छ।
2. बहु सीमित अंग्रेजी प्रवीणता (एलइपि) सम्बन्धी पक्षहरू भएका कारबाहीहरूमा एउटा भाषामा मौखिक अनुवाद आवश्यक हुँदा, समकालिक मौखिक अनुवाद प्रदान गर्नमा संलग्न नरहेको दोभासेलाई आवश्यकता हुँदा न्यायाधीवक्ता-क्लाइन्ट सञ्चारमा प्रयोग गर्न सकिनेछ।
3. यदि बहु सीमित अंग्रेजी प्रवीणता (एलइपि) सम्बन्धी पक्षहरू भएको कारबाहीमा साक्षीको बयानका लागि भाषा मौखिक अनुवाद आवश्यक भए, उक्त उद्देश्यका लागि अदालतले तेस्रो दोभासे प्रदान गर्न सक्नेछ।
4. दोभासेहरू गोप्यता तथा निष्पक्षताको सपथले बाँधिएका हुन्छन्, र उनीहरूले अदालतका अधिकारीका रूपमा सेवा दिन्छन्; त्यसैले एउटा मुद्दामा एकभन्दा बढी पक्षले एक जना दोभासेको प्रयोग गर्न पाउँछन्।
5. यदि कुनै दोभासेले कुनै मुद्दाको कारबाहीका बेला अर्को पक्षका लागि पहिले नै मौखिक अनुवाद गरेको भए अदालत भिन्न भाषा दोभासे नियुक्त गर्न बाध्य हुनेछैन।
6. सम्बन्धित कुनै पक्षले न्यायाधीवक्ता-क्लाइन्ट सञ्चार सहजीकरण गर्न दोभासे सेवाहरू प्रदान गर्न र

व्यवस्थापन गर्न सक्नेछन् वा अन्यथा सम्बन्धित पक्षलाई यदि अदालतले प्रदान गरेका मौखिक अनुवाद सेवाहरूभन्दा बढी आवश्यक ठानेमा त्यसका लागि सहयोग गर्न सक्नेछन्।

## VI. दूर मौखिक अनुवाद

VI. A. यहाँ उल्लिखित सर्तहरूबमोजिम टेलिफोनद्वारा तथा श्रव्यदृश्य मौखिक अनुवादसहित दूरवर्ती मौखिक अनुवादको उपयोग सीमित अङ्ग्रेजी प्रवीणता भएका व्यक्तिहरूलाई अदालतमा पहुँच सहजीकरणका लागि गर्न सकिन्छ। अदालतले बोलिने भाषा मौखिक अनुवाद सेवाहरू प्रदान गर्न उपलब्ध प्रविधिको प्रयोग गरेर प्रमाणिक तथा अरू अदालती कारबाहीहरू सञ्चालन गर्न सक्नेछ।

VI. B. दूरवर्ती उपस्थित हुने भाषा दोभासे आधिकारिक हुनुपर्नेछ र यस निर्देशिकामा स्थापित अरू सम्पूर्ण मानकहरूअनुसार हुनुपर्नेछ तथा खण्ड IV.C.अनुसार नियुक्त गरिएको हुनुपर्नेछ।

VI. C. अदालतले त्यस्तो दूरवर्ती मौखिक अनुवादले गोप्य सञ्चारका लागि यस निर्देशिका तथा ओएलएका मानकहरू पालना गरेको सुनिश्चित गर्नुपर्नेछ तथा यसले न्यायिक अधिकारी, पक्षहरू, न्यायाधीवक्ताहरू तथा साक्षीहरूलाई एकअर्का तथा मौखिक दोभासेका कुरा स्पष्ट रूपमा सुन्ने र स्पष्ट रूपमा रेकर्ड गरिने अवसर प्रदान गर्नुपर्नेछ।

## VII. अनुवादहरू

अदालती कारबाहीहरूमा आमरूपमा प्रयोग गरिने फारामहरू, अदालतलाई प्रदान गरिएका गैर-अङ्ग्रेजी लिखित वक्तव्यहरू, अदालत भवनहरूमा आवश्यक हस्ताक्षरहरू, र अदालतमा आवश्यक अरू लिखित सञ्चारका अनुवादहरू ओएलएका अनुवाद तथा द्वैभाषिक हस्ताक्षर नीतिअनुसार पूरा गरिनेछन्।

## VIII. अदालतका दोभासेहरू तथा अनुवादकहरूलाई भुक्तानी

स्वतन्त्र करार भाषा दोभासेहरू तथा अनुवादकहरूलाई ओएलएका दोभासे प्रतिपूर्ति नीतिअनुसार भुक्तानी गरिनेछ। कुनै पनि न्यायिक अधिकारी वा अदालतको कर्मचारीगणले यस निर्देशिकाअनुसार प्रदान गरिएका सेवाहरूको खर्चको मूल्याङ्कन सम्बन्धित पक्ष वा अदालतको कार्यसञ्चालनका क्रममा भाषा सेवाहरू प्राप्त गर्ने व्यक्तिहरूका लागि मूल्याङ्कन गर्न पाउनेछैनन् न त्यस्ता खर्चहरूको प्रतिपूर्ति सीमित अंग्रेजी प्रवीणता भएका व्यक्तिहरूबाट अदालत वा राज्यलाई गराउन आवश्यक गराउनेछन्।

## IX. भाषा दोभासेको अयोग्यता

IX. A. कुनै पनि न्यायिक अधिकारीले कुनै पनि भाषा दोभासेलाई मुद्दाको आरम्भमा वा कारबाहीका बेला अयोग्य ठहर्‍याउन सक्नेछन् तथा ओएलएले कुनै पनि भाषा दोभासेलाई अदालती कार्यसञ्चालन कार्यहरूमा मौखिक अनुवाद गर्नबाट अयोग्य ठहर्‍याउने छ यदि उक्त दोभासे:

1. अक्षमताको स्व-रिपोर्ट गरेका मुद्दाहरूसहित, अदालतको कर्मचारीगण, सम्बन्धित पक्षहरू, वा अरू

सहभागीहरूसँग प्रभावकारी रूपमा सञ्चार गर्न असमर्थ हुन्छन्;

2. उक्त मामिलामा संलग्न व्यक्तिसँगको सम्बन्धका कारणले स्वार्थको द्वन्द्वमा हुन्छन् वा जसको प्राप्तिमा रुचि हुन्छ;
3. कोलोराडो अदालत दोभासेहरूका लागि व्यावसायिक जिम्मेवारी संहिताको उल्लङ्घन गर्दै काम गरिरहेका हुन्छन्;
4. प्रमाणीकरण, प्रमाणिकीकरण, दर्जा वा योग्यताहरूमा परिवर्तन भएका कारण निर्धारित कारबाही वा अदालती कार्यसञ्चालनमा मौखिक अनुवाद गर्न योग्य रहँदैनन् वा जसलाई अदालत दोभासे अनुशासन नीतिअनुसार कारबाही गरिएको हुन्छ।

**IX. B.** कुनै भाषा दोभासेलाई कारबाहीबाट अयोग्य ठहऱ्याइए न्यायिक अधिकारीले सोबारे चुस्त रूपमा ओएलएलाई सूचीत गर्नेछन् र त्यस्तो अयोग्यताको कारण उल्लेख गर्नेछन्।

**IX. C.** न्यायिक अधिकारी वा ओएलएले कुनै दोभासेलाई अयोग्य ठहऱ्याएका खण्डमा, अदालतले प्रतिस्थापित भाषा दोभासे प्रदान गर्नेछ।

## X. सिकायत प्रक्रिया

यस निर्देशिकाको कथित उल्लङ्घनबाट दुःखित व्यक्तिले ओएलएमा सिकायत दायर गर्न सक्नेछन्। उक्त सिकायतको समीक्षा र अनुसन्धान भाषा पहुँच सिकायत प्रक्रियाका लागि ओएलएको कार्यविधिअनुसार गरिनेछ। यसमा भएको कुनै पनि कुरालाई उल्लङ्घन भएको कुनै कारबाहीका बेला वा कारबाहीको तदनन्तर समीक्षाका बेला न्यायिक अधिकारीलाई यस निर्देशिका कार्यान्वयनबाट रोक्ने भनी बुझ्नु हुनेछैन। स्थानीय व्यवस्थापकीय दोभासेले सम्पूर्ण अदालत भवनहरूमा सिकायत फारामहरू उपलब्ध गराउनेछन्।

## XI. पहुँचको सुनिश्चितताका लागि भूमिका तथा जिम्मेवारीहरू

**XI. A. सम्पूर्ण न्यायिक अधिकारीहरूले** कुनै पनि कारबाहीमा यस निर्देशिकामा भएका आवश्यकताहरू कार्यान्वयन गरिएको सुनिश्चित गर्नेछन्।

**XI. B. राज्य अदालत प्रशासक वा प्रतिनिधिले** राज्यका कानुनहरू तथा प्रधान न्यायाधीशबाट प्राप्त अतिरिक्त निर्देशनहरूअनुसार, अदालतका कर्मचारीगणले मुद्दाहरू दायर गर्दा सम्बन्धित पक्षहरू तथा अदालतका कर्मचारीबाट सङ्कलन गर्नुपर्ने भाषा तथ्याङ्कका विषयमा, तथा सम्बन्धित सम्पूर्ण पक्षहरूलाई भाषा सेवाहरूको उपलब्धताका विषयमा सूचना प्रदान गर्ने विषयमा समान राज्य आवश्यकताहरू स्थापित र व्यवस्थित गर्नेछन्।

**XI. C. अदालतको कार्यकारी** वा प्रतिनिधिले, राज्यका आवश्यकताहरूअनुसार, कुनै डिस्ट्रिक्टमा सीमित अंग्रेजी प्रवीण मानिसहरूद्वारा अदालतहरूमा भाषा पहुँचको प्रावधान व्यवस्थापन गर्नेछन्, सम्बन्धित पक्षहरू तथा अदालतका कर्मचारीगणबाट ओएलए मानकहरूअनुसार भाषा आवश्यकता जानकारी सङ्कलन गर्नेछन्, सम्पूर्ण अदालती कारबाहीहरूका लागि भाषा मौखिक अनुवाद सेवाहरू तय तथा संयोजन गर्नेछन्, तथा अरू सम्पूर्ण अदालती कार्यसञ्चालनका लागि भाषा पहुँच सहजीकरण गर्नेछन्।

**XI. D.** **प्रमुख परीक्षणकाल अधिकारीले** वा प्रतिनिधिले प्रत्येक न्यायिक डिस्ट्रिक्टमा सीमित अंग्रेजी प्रवीण मानिसहरूद्वारा परीक्षणकाल सेवाहरूका लागि भाषा पहुँचको प्रावधान व्यवस्थापन गर्नेछन्।

**XI. E.** **ओएलएले**:

1. कोलोराडो राज्य अदालतहरूमा भाषा पहुँचको प्रावधानसँग सम्बन्धित नीति तथा कार्यविधिहरू अदालत, अदालतका स्टाफ, दोभासे तथा सर्वसाधारणलाई उपलब्ध गराउनेछ। अदालत कारबाहीका यी नीति तथा कार्यविधिहरूमा, भाषा पहुँच योजना, अनुवाद, दूरवर्ती मौखिक अनुवाद, तथा डिजिटल फाइलहरूको मौखिक अनुवाद सामेल छन् तर यतिमै सीमित छैनन्।
2. भाषा दोभासेहरूको तालिम तथा परीक्षणको निरीक्षण गर्नेछ तथा उपलब्ध सबैभन्दा योग्य भाषा दोभासेको प्रयोग सहजीकरण गर्नका लागि ओएलएको वेबसाइटमा सक्रिय दर्जाका आधिकारिक दोभासेहरूको रोस्टर पोस्ट गर्नेछ।
3. न्यायिक डिस्ट्रिक्टहरूलाई सीमित अंग्रेजी प्रवीण (एलइपि) व्यक्तिहरूद्वारा अदालतहरू तथा परीक्षणकाल सेवाहरूमा पहुँच प्रदान गर्ने कार्यमा सहयोग गर्न अदालतहरू तथा परीक्षणकालसम्बन्धी निकायले बारम्बार प्रयोग गरिने फारामहरू कोलोराडो न्यायिक विभागको आधिकारिक वेबसाइटमा पोस्ट गर्न उपलब्ध भएपछि, ती फारामहरूको अनुवाद प्‌रदान गर्ने।

**XI. F.** **दोभासे प्रबन्धकले,** राज्य नीतिहरूअनुसार, कुनै मुद्दाको काम आरम्भ हुँदा, वा अन्यथा कुनै उपस्थिति वा बहसको समयसीमाभन्दा युक्तिसङ्गत समयअगावै, सीमित अंग्रेजी प्रवीण मानिसहरूद्वारा अदालत तथा परीक्षणकाल सेवाहरूमा पहुँच सहजीकरण गर्न, दोभासे सेवाहरूको उपलब्धताका विषयमा सङ्केतहरू अङ्ग्रेजीमा तथा बढी मौखिक अनुवाद आवश्यक पर्ने भाषाहरूमा पोस्ट गरिएको, तथा सम्पूर्ण सीमित अंग्रेजी प्रवीण मानिसहरूलाई दोभासे सेवाहरूको उपलब्धताको सूचना प्रेषित गरिएको सुनिश्चित गर्नेछन्।

हस्ताक्षर भएपछि प्रभावकारी हुने।

डेनभर, कोलोराडोमा मार्च २०२३ रोज ६ मा गरिएको।

/s/

ब्रायन डि. बोटराइट,

प्रधान न्यायाधीश